# विशेष अदालत

## काठमाडौं
(प्रशासन शाखा)

विशेष अदालत काठमाडौं २०५९

बबरमहल
फोन नं. ०१-५३२६५३६
०१-५३४२६३६
E-Mail: info.special@supremecourt.gov.np
admin.special@supremecourt.gov.np

प. सं. : ०८२।०८३
च.नं. :

## विशेष अदालतबाट जारी भएको सूचना !

यस अदालतको मिति २०८२।६।२३ को पूर्ण बैठकबाट अदालतको नियमित कामकारवाहीका सम्बन्धमा देहायबमोजिम गर्ने निर्णय भएको बेहोरा सेवाग्राहीलगायत सम्बद्ध सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ:

१. मिति २०८२।०५।२३ र २४ गते भएको घटनाको क्रममा विशेष अदालतमा समेत तोडफोड, आगजनी तथा लुटपाट भई अदालतको नियमित कामकारवाही प्रभावित भएकोले मिति २०८२।०५।२९ गतेको पूर्ण बैठकको निर्णयानुसार म्याद थप, पक्राउ पुर्जी जारी गर्ने, जरूरी पक्राउ पुर्जी समर्थन गर्ने वा नगर्ने तथा आरोप पत्रसाथ उपस्थित गराइएका प्रतिवादीहरूको मात्र वयान तथा थुनछेक गर्ने निर्णय भएकोमा अदालतको मर्मत सम्भारको कार्य हालसम्म जारी रहेकोले मिति २०८२।०६।२४ गतेदेखि लागू हुनेगरी उल्लिखित कार्यका अतिरिक्त श्रव्यदृश्य संवादमार्फत हुने साक्षी बकपत्र बाहेक भौतिक रूपमा हुने साक्षी बकपत्र गर्ने कार्य सुचारू गरिनेछ।

२. यस अघि मिति २०८२।०५।२९ को पूर्ण बैठकको निर्णयबाट बाटोको म्याद बाहेक ३० दिनसम्म म्याद तारिख थाम्न पाउने व्यवस्था भएकोमा अदालत मर्मत सम्भारको कार्य सम्पन्न भई नसकेको र यसै बिचमा तिहार, छठ लगायतका चाडपर्वको बिदासमेत पर्ने हुँदा मिति २०८२।०७।११ बाट लागू हुनेगरी बाटोको म्याद बाहेक थप ३० दिनसम्म म्याद तारिख थाम्न पाउने र मिति २०८२।०७।११ गतेबाट मुद्दाको नियमित सुनवाइ तथा अन्य कामकारवाही सुचारू गरिनेछ।

मितिः २०८२।०६।२४
ने.सं.११४५ कौलागाः ३, शुक्रबार

२०८२।०६।२४
यज्ञराज रेग्मी
शाखा अधिकृत